जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ८८ २०७८ साल कात्तिक १२ गते शुक्रबार (29 Oct. 2021 Friday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैंगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- वैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : मुलुकका ६५ प्रतिशत बालबालिकाको. ३ पृष्ठमा : कात्तिकभित्र पोल भाडा ... ३ पृष्ठमा सिरियामा मानवीय सहायता ...

## बाढीमा वेपत्ता भएका लालुको शव फेला



तस्बिर : राजविराज दैनिक

**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**

जिता खोलामा आएको बाढीले बगाएर वेपत्ता भएका लालुको शव बिहीबार नौं दिनपछि फेला परेको छ ।

कात्तिक ३ गते बाढीले बगाएको सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ९ का २३ वर्षिय लालु भन्ने दिपेन्द्र मण्डलको शव बिहीबार भारतस्थित जिता खोलामा भेटिएको हो ।

प्रहरीका अनुसार मण्डलको शव दिउँसो १ बजेतिर सीमावर्ती भारतको सुपौल जिल्लाको कुनौली ग्रामपंचयात वडा १० स्थित जिता खोलाको बगरमा सडेगलेको अवस्थामा फेला परेको हो ।

भारतीय क्षेत्रमा मण्डलको शव भेटिएको जानकारी आएपछि भारतीय प्रहरी अधिकारीसँग समन्वय गरि शव जिम्मामा लिई मृतकका पिता शम्भु मण्डललाई बुझाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

भारतीय बजार कुनौलीबाट किनमेल गरि फर्कि‍दै गर्दा हनुमानगर-रम्पुरा मल्हनिया सडकखण्डको जिर्ण पुल पार गर्ने क्रममा मण्डललाई जिता खोलाको बाढीले बगाएको थियो । घटनास्थल र आसपास क्षेत्रमा लगातार सशस्त्र प्रहरीको गोताखोर टोलीले खोजि कार्य जारि राखेको थियो ।


## गाजासहित दुई किशोर पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**

सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट बनैनियाले दुई किशोरलाई लागुऔषध गाजासहित पक्राउ गरेको छ ।

राजगढ गाउँपालिका वडा नं. २ कमलपुर बोर्डर ईलाकामा बोर्डर आउट पोष्ट टोलीले नेपालबाट भारततर्फ जादै गरेको अनटेष्ट मोटरसाइकलमा सवार राजविराज २ निवासी १५ वर्षिय अजय मण्डल र कंचनरुप नगरपालिका ९ निवासी १४ वर्षिय रुपेश यादवलाई पक्राउ गरेको हो ।

उनीहरुले बोकेको झोलाबाट २ किलो गाजा फेला परेको हुँदा उक्त गाँजा, ब्यक्ति र मोटरसाइकलसहित नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागी प्रहरी चौकी झुट्कीमा बुझाएको सशस्त्र प्रहरी बल राजविराजले जनाएको छ ।



तस्बिर : सौजन्य सशस्त्र प्रहरी बल राजविराज

गाजासहित पक्राउ परेका राजविराज २ निवासी १५ वर्षिय अजय मण्डल र कंचनरुप नगरपालिका ९ निवासी १४ वर्षिय रुपेश यादव

**Geeta health care center**
**कर्मचारी आवश्यकता**

Geeta health care center बोदेबरसाइन सप्तरीमा निम्न कर्मचारीहरुको आवश्यकता भएकोले इच्छुक र योग्य नेपाली नागरिकहरुबाट आफ्नो Bio-data सहित २०७८ कात्तिक १६ गते भित्र आवेदन दिन आह्वान गरिन्छ ।

1. Medical officer- Mbbs registered in NMC with Minimum 2 years of experience.
2. D. pharm- Registered in respective council and Minimum experience of 1 Year.

**Info@geetahealthcare.com**
**For any Queries Contact us at : +977-9815776036**

## लोसपाले सदस्यता बितरणलाई निरन्तरता दिँदै

**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालले सदस्यता अभियानलाई निरन्तरता दिदै बिहीबार पनि सदस्यता बितरण गरेको छ ।

सप्तरीको छिन्नमस्ता गाउपालिका वडा नं. ७ हाटीस्थित वडा अध्यक्ष प्रमिला यादबको अध्यक्षतामा आयोजित सदस्यता बितरण कार्यक्रममा ५ सय जनालाई सदस्यता बितरण गरेको हो ।

सो अवसरमा लोसपा केन्द्रीय नेता जय प्रकाश ठाकुरले दलित, मुस्लिम, उत्पिडन वर्गको अधिकारसँगै राज्यमा सबै वर्गको

*बाँकी दुई पृष्ठमा*




लोसपा नेता तथा जिसस सप्तरीका प्रमुख प्रभाकर यादव र पार्टीका केन्द्रिय नेता जयप्रकाश ठाकुरले संयुक्त रुपमा पार्टीको सदस्यता बितरण गर्दै । *तस्बिर : चन्दन यादव/राजविराज दैनिक*

**साधारण सभा सम्बन्धी सुचना**

उपरोक्त विषयमा यस संस्थाको १० (दशौं) बार्षिक साधारण सभा तपसिलका मिति, समय र स्थानमा हुने भएको ब्यहोराको पत्र तथा प्रतिवेदन सम्पुर्ण शेयर धनी महानुभावहरुलाई पठाई सकिएको छ । कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधार मानी उक्त समय र स्थानमा अनिवार्य उपस्थितिको लागी हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल**

१.मिती :- २०७८/०७/१३ गते शनिवार
२.समय :- बिहान १० बजे देखी
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९, मलेठ, रुपनी रोड सप्तरी

**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**

An Aesthetic Gateway

**OCTOVOGUE EYE CARE PVT. LTD.**
**कर्मचारी आवश्यकता**

Octovogue Eye Care Pvt.Ltd. बोदेबरसाइन सप्तरीमा निम्न कर्मचारीहरुको आवश्यकता भएकोले इच्छुक र योग्य नेपाली नागरिकहरुबाट आफ्नो Bio-data सहित २०७८ कात्तिक १६ गते भित्र आवेदन दिन आह्वान गरिन्छ ।

| क्र.स. | पद | शैक्षिक योग्यता तथा अनुभव | संख्या |
|---|---|---|---|
| 1. | Opthalmologist | MD or MS in Opthalmology having goods skills in cataract surgery and other monor surgeries. | 1 |
| 2. | Optical Dispenser or Technician | Minimum experiance of one year in the same field. | 1 |
| 3. | Lab technician | Registered Lab technician with minimum 2 Years of experiance in respective service. | 1 |
| 4. | Primary eye health worker | ANM/AHW with minimum 6 months of experiance. | 1 |
| 5. | Receptionist | Minimum +2 passed with good communication skills & basic computer operating skills. | 1 |

**Send your updated CV & current photo at Info@octovogueeyecare.com**
**For any Queries Contact us at : +977-9815776036**

# मुलुकका ६५ प्रतिशत बालबालिकाको रगतमा 'लेड'को मात्रा

ललितपुर, ११ कात्तिक (रासस) । मुलुकका ६५ प्रतिशत बालबालिकाको रगतमा 'लेड'को मात्रा भेटिएको छ । 'लिडको विषयबाट बचावटका लागि नवौं अन्तर्राष्ट्रिय सचेतना सप्ताह-२०२१' का अवसरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएओ) को सहयोगमा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रले यहाँ आयोजना गरेको कार्यशाला गोष्ठीमा विज्ञले एक डेसिलिटर रगतमा पाँच माइक्रो ग्रामभन्दा बढी सिसा (लिड) हुन नहुनेमा नेपालका बालबालिकाको शरीरमा सो भन्दा बढी पाइएको जानकारी दिनुभयो ।

घर, विद्यालय तथा अस्पतालका भित्ता, फर्निचरमा लगाउने रङमा लिडको मात्रा प्रसस्त हुने भएकाले त्यसले स्वास्थ्य तथा वातावरणमा पार्ने समस्याको निराकरण एवं न्यूनीकरण गर्न जनचेतनाका साथै क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिइएको छ । डब्लुएओको नेपालस्थित कार्यालयका जनस्वास्थ्य सल्लाहकार डा खुर्सिद अलम हेदरले सरकारले सात वर्षअघि पेन्टमा तोकेको लेडको मापदण्डको व्यापक प्रचारप्रसार हुनुपर्ने बताउनुभयो । उहाँले मुलुकमा नसर्ने रोग बढिरहेको सन्दर्भमा रङमा प्रयोग गरिने लिडलाई ध्यानमा राखी सोको ख्याल गर्न सम्बन्धित निकायलाई अनुरोध गर्नुभयो ।

कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक एवं वातावरण वैज्ञानिक रामचरित्र साहले लिडले बालबालिकाको शारीरिक तथा मानसिक एवं बौद्धिक विकासमा सिधै असर गर्ने हुँदा यसलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो । सरकारले २०७१ पुस ७ गते राजपत्रमा प्रकाशित गरी पेन्टसमा लिडसम्बन्धी तोकेको बाध्यकारी मापदण्ड ९० पिपिएम सम्मलाई प्रयोग गर्न पनि उहाँले आग्रह गर्नुभयो । उहाँका अनुसार लिडले मानिसको मुटु, स्नायु र प्रजनन प्रणालीमा समेत असर गर्दछ । बालबालिकाको शरिरमा लिडको मात्रा धेरै भएमा स्मरण शक्तिमा ह्रास आउने साहले दाबी गर्नुभयो ।

सो अवसरमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षाविज्ञ खगेन्द्र बस्नेतले शरीरमा १० माइक्रोग्रामभन्दा बढी सिसाको मात्रा भेटिएमा उपचारमा लाग्न सुझाव दिनुभयो । काठमाडौं मेडिकल कलेज सामुदायिक चिकित्सा विभागका प्रमुख डा सुनिलकुमार जोशीले ब्याट्री तथा रङमा प्रयोग भएका लिडले मानिसको पेट हुँदै टाउको अनि हड्डीमा समेत असर गर्ने बताउनुभयो ।

मुलुकमा आधुनिकता भित्रिएसँगै बनिरहेका नयाँ भवनमा प्रयोग गरिने रङले आउँदा दिनमा मानिसको शरीरमा असर नगरोस् भनेर उत्पादित कारखानालाई ध्यान दिन अनुरोध गर्नुपर्ने केन्द्रले गरेको अध्ययनमा तोकेको पीपीएमभन्दा कम लेड पाइएको कम्पनी फेसन पेन्टस् उद्योग हेटौंडाका प्रमुख व्यवस्थापक अरविन्द सिंहले बताउनुभयो । वन तथा वातावरण मन्त्रालयका सहसचिव धनञ्जय पौडेलले केन्द्र सरकार मात्रै नभएर स्थानीयलगायत गैरसरकारी संस्था अनि समुदाय तथा टोल-टोलबाट पेन्टसमा हुने लिडको नकारात्मक प्रभावबाट बच्ने उपायका बारेमा जानकारी दिनुपर्ने खाँचो औंल्याउनुभयो ।

सरोकारवालाले सातै प्रदेशबाट ३७ पेन्टस् उद्योगका नमूना सङ्कलन गरी ६२ विभिन्न रङका इनामेलका साथै २१ विभिन्न रङका स्प्रे पेन्टसका नमूनामा अध्ययन गर्दा ६२ मध्ये ३२ वटाअर्थात् ५२ प्रतिशतमा मात्र तोकिएको पीपीएमभन्दा कम लिड र बाँकी ३० नमूनाअर्थात् ४८ प्रतिशत पेन्टस्मा बढी लिडको मात्रा भेटिएको जानकारी दिइएको थियो । पेन्टस्मा लिडको मात्रा ९० पीपीएमसम्म हुनुपर्नेमा हुँदा केहीमा २२ हजार ८५० अर्थात् मापदण्ड भन्दा २५४ गुणा बढी रहेको थियो ।

# तोकिएकै समयमा खोप उपलब्ध गराउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौं, ११ कात्तिक (रासस) । प्रधानमन्त्री शेरबहादुर देउवाले सबै नागरिकलाई खोप उपलब्ध गराउने सरकारी लक्ष्य पूरा गर्ने काममा कुनै कसर बाँकी नराख्न सम्बद्ध निकायलाई निर्देशन दिनुभएको छ ।

बिहीबार यहाँ बसेको कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रको पहिलो बैठकमा प्रधानमन्त्री देउवाले दाताको सहयोगमार्फत वा आफैं खरिद गरेर भए पनि समयमै सबै नागरिकलाई निःशुल्क खोप उपलब्ध गराउन सम्बद्ध सबै निकायलाई निर्देशन दिनुभएको छ ।

उक्त बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दिएको प्रस्तुतिकरणअनुसार अहिलेसम्म कुल जनसङ्ख्याको ३४ प्रतिशतले पहिलो र २२ प्रतिशतले दुवै मात्रा खोप लगाएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव महेश्वर न्यौपानेले जानकारी दिनुभयो ।

असोज मसन्तसम्म एकतिहाइ जनसङ्ख्यालाई खोप लगाउने सरकारी लक्ष्यअनुसार पहिलो मात्राका हिसाबले पूरा भएको छ । सरकारले यसै वर्षको चैत मसान्तसम्ममा सबै नागरिकलाई खोप लगाइसक्ने लक्ष्य लिएको छ ।

विगतमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि जारी भएको अध्यादेश निष्क्रिय भइसकेपछि नेपाल सरकारले त्यसको व्यवस्थापनका लागि असोजमा आदेश जारी गरी सिसिएमसीलाई कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रमा रुपान्तरण गरेको थियो ।

बैठकमा उक्त केन्द्रबाट अहिलेसम्मको प्रगति विवरणको विषयमा र स्वास्थ्य मन्त्रालयबाट हालको कोभिड-१९ सङ्क्रमणको राष्ट्रिय र अन्तर्राष्ट्रिय अवस्था तथा खोपका बारेमा प्रस्तुतिकरण भएको थियो । बैठकले उक्त समन्वय केन्द्रको जनशक्ति व्यवस्था र सङ्गठन संरचना स्वीकृत गर्ने निर्णय पनि गरेको सचिव न्यौपानेले जनकारी दिनुभयो ।

सरकारले अवकाशप्राप्त रथी बालानन्द शर्माको नेतृत्वमा उक्त केन्द्र बनाएको थियो । बैठकले केन्द्रबाट हालसम्म भएको कामका लागि धन्यवाद दिएको छ ।

# १२ वर्षमुनिका बालबालिकाका लागि पनि खोप ल्याइने : मन्त्री खतिवडा

काठमाडौं, ११ कात्तिक (रासस) । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री बिरोध खतिवडाले १२ वर्षमुनिका बालकालिकाका लागि लगाउने कोरोना भाइरसविरुद्धको खोप ल्याउने तयारी भइरहेको जानकारी दिनुभएको छ ।

स्वास्थ्य पत्रकार मञ्च नेपालले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले अहिले भारत र चीनमा १२ वर्षमुनिका बालकालिकाका लागि खोपको परीक्षण भइरहेको र त्यसको सफल परीक्षणपश्चात नेपालले पनि खोप ल्याउने तयारी गरिएको जानकारी दिनुभयो । "बाह्र वर्षमुनिका बालबालिकाका लागि लगाउने खोपको अहिले भारत र चीनमा दोस्रो चरणको सफल परीक्षण सकेर तेस्रो (अन्तिम) चरणको परीक्षण भइरहेको छ", उहाँले भन्नुभयो, "तेस्रो चरणको सफल परीक्षण सकेर विश्व स्वास्थ्य सङ्गठनले मान्यता दिइसकेपछि हामीले उक्त खोप ल्याउँछौं ।"

भारत वा चीन जसले हामीलाई चाँडो खोप उपलब्ध गराउँछ सोही मुलुकबाट खोप ल्याइने तयारी भइरहेको उहाँको भनाइ छ । अहिले १२ वर्षभन्दामाथिका उमेरसमूहका बालबालिकालाई लगाउनका लागि सरकारले फाइजर र मोर्डना खोप ल्याउन थालेको छ । केही दिनअघि मात्र अमेरिका सरकारले कोभ्याक्समार्फत नेपाललाई एक लाख ६२० मात्रा खोप उपलब्ध गराएको थियो ।

मन्त्री खतिवडाले फाइजर ६० लाख र मोडर्ना ४० लाख मात्रा खोप सुनिश्चित गरिएको जानकारी दिनुभयो । "हामी खोपका लागि पैसा पनि तिरिसकेका छौं", उहाँले भन्नुभयो, "चाँडै नै फाइजर र मोडर्ना खोप ल्याउँछौं ।" ती दुवै खोप १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई लगाइन्छ । उहाँले स्वास्थ्य संवेदनशीलतामा भ्रष्टाचार हुन नदिने प्रतिबद्धतासमेत जनाउनुभयो । "यसअघि स्वास्थ्य क्षेत्रमा भ्रष्टाचार र अनियमितताका कुरा आएका थिए", उहाँले भन्नुभयो, "तर म आएपछि अब स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा भ्रष्टाचार र अनियमितता हुन दिँदिन ।"

मन्त्री खतिवडाले कोरोना भाइरसको उपचार गरेका केही अस्पतालले तोकेभन्दा बढी पैसा मागेको हुनाले रकम निकासा नगरिएको बताउनुभयो । "केही अस्पतालले तीन दिनका बिरामीलाई १३ दिन भर्ना गरिएको, शय्यामा राखेर उपचार गरिएका बिरामीलाई सघन उपचारकक्ष (आइसीयू) र भेन्टिलेटरमा राखेर उपचार गरिएको भनेर गलत रिपोर्ट बुझाएर रकम माग गरेको पाइयो", उहाँले भन्नुभयो, "रु १० हजारको बिल बढाएर अस्पतालले रु ९० हजार पनि पुर्‍याएको पाइयो । त्यही भएर हामीले त्यस्ता अस्पतालको रकम निकास गरेका छैनौं ।"

मन्त्री खतिवडाले केही औषधिमा औषधि उत्पादक सङ्घले मनोमानीरूपमा पैसा बढाएको भन्ने गुनासो आएकाले सत्यतथ्य बुझ्न मन्त्रालयका सचिवलाई निर्देशन दिएको जानकारी दिनुभयो । उहाँले स्वास्थ्य बीमा कार्यक्रममा निःशुल्क बनाउने आफूले प्रयास गर्नेसमेत बताउनुभयो । "अहिले लोपोन्मुख र अल्पसङ्ख्यककलाई स्वास्थ्य बिमा निःशुल्क गर्ने प्रयास रहेको छ", उहाँले भन्नुभयो, "लोपोन्मुख र अल्पसङ्ख्यककलाई निःशुल्क गराए विस्तारै अन्य वर्गलाई पनि निःशुल्क स्वास्थ्य बिमा गराउन सकिन्छ ।" स्वास्थ्य बिमा कार्यक्रममा प्रतिपरिवारले वार्षिक रु तीन हजार ५०० को बिमा गरे रु एक लाखसम्म निःशुल्क उपचार गर्न पाइन्छ । मन्त्री खतिवडाले सबैलाई स्वास्थ्य सेवाको सहज पहुँच पुर्‍याउने दृढता व्यक्त गर्नुभयो ।

# संघीयता खारेजी तथा धर्म निरपेक्षतामाथि जनमत संग्रहको माग

काठमाडौं, ११ असोज (रासस) । विवेकशील साझा पार्टी केन्द्रीय समितिको बिहीबार बसेको बैठकले पार्टी अध्यक्ष रवीन्द्र मिश्रले हालै सार्वजनिक गर्नुभएको दस्तावेज 'मार्ग परिवर्तनःविचारभन्दा माथि देश' लाई अङ्गीकार गर्ने निर्णयलाई दुईतिहाइभन्दा बढी मतले पारित गरेको छ ।

स्थानीय तहलाई पुनःसंरचना र सुदृढ गर्दै सङ्घीयता खारेजी तथा धर्म निरपेक्षतामाथि जनमत सङ्ग्रहको माग राख्दै तयार पारिएको उक्त दस्तावेजलाई केन्द्रीय समितिका १२४ सदस्यमध्ये बैठकमा उपस्थित ९१ सदस्यले सर्वसम्मतिबाट अनुमोदन गरेको पार्टीका प्रवक्ता शरदराज पाठकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

बैठकले पार्टी अध्यक्षलाई प्रमुख कार्यकारी भूमिका प्रदान गर्ने गरी विवेकशील साझा पार्टीको विधान पनि संशोधन गरेको छ भने पार्टी अध्यक्ष र संयोजकमा बराबरी कार्यकारी अधिकार रहँदा पार्टी सञ्चालन गर्न कठिनाइ उत्पन्न भएको निष्कर्ष निकालेको छ ।

पार्टीलाई अब तुरुन्तै बृहत्तर ध्रुवीकरण र एकतामा लिएर जाने तथा राष्ट्रिय राजनीतिमा हस्तक्षेपकारी शक्ति निर्माण गर्न आक्रमकरूपमा अघि बढ्ने निर्णय पनि गरेको बताइएको छ ।

### *लोसपाले सदस्यता ...*

अधिकारसँगै बिकासका लागि लड्ने एक मात्र बिकल्प लोसपा रहेकोले जनताले बिश्वास गरेर सप्तरीको सबै तहमा निर्वाचित गराउन आग्रह समेत गरे ।

जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले छिन्नमस्ता गाउपालिका ७ को वडा भवन नहुदाँ वडा कार्यलय संचालनका लागि समस्या भईरहेको अबस्थामा ४ कठ्ठा जग्गा किनेर भवन निर्माण कार्यलाई तिव्रता दिएको जानकारी दिए ।

पुर्व वडा अध्यक्ष समेत रहेका प्रमुख यादवले केही नेताहरू पदिय लोभलालचका कारण पार्टी छोडेर गएकोले त्यसले लोसपालाई केही फरक नपर्ने बताउदै जनताले त्यसता नेतालाई मुल्यांकन गरेर चुनावमा भोट दिनुपर्ने बताए ।

उनले लोसपा नेपालले सप्तरीमा सबै तहमा चुनाव निर्वाचित हुने लक्ष्यका साथ सबै स्थानिय तहमा सदस्यता अभियानलाई सक्रियता साथ बढाएको जिकिर गरे ।

राजबिराजका पुर्व नगर प्रमुख शैलेश चौधरीले मधेशीको अधिकारका लागि सयौं मधेशी सहादत सँगै हजारौ घाईते पश्चात् प्रदेश २ सरकारको निर्माण भए तर मधेशको अधिकार प्राप्त हुन नसकेको दुःख व्यक्त गरे । उनले जसपाका अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्रको बिकासको अबस्था जिर्ण रहेकोले आफ्नो क्षेत्रकै राजबिराज नगरपालिकाको सडकको अबस्था लज्जास्पद रहेको उल्लेख गरे ।

लोसपा केन्द्रीय नेता बिनोद कुमार सिंहले सप्तरीमा एक नम्बरको पार्टी बनाउने उद्देश्यका साथ सप्तरीमा गत राजपामा एक लाख जनाले सदस्यता लिएकोले पुनः यो पार्टीको एक लाख सदस्यता बितरण गर्ने लक्ष्य राखेको दाबी गरे ।

सो अवसरमा पार्टीका जिल्ला अध्यक्ष मण्डलका सदस्य अमरनाथ मण्डल, छिन्नमस्ता गाउपालिका उपाध्यक्ष उषा मण्डल, युवा नेता दिपेन्द्र चौधरीलगायतले मन्तब्य दिएका थिए ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कात्तिकभित्र पोल भाडा सम्झौता गर्न प्राधिकरणको निर्देशन

काठमाडौं, ११ कात्तिक (रासस)।

नेपाल दूरसञ्चार प्राधिकरणले कात्तिक मसान्तभित्र पोल भाडा सम्झौता गर्न इन्टरनेट सेवाप्रदायक संस्थालाई निर्देशन दिएको छ।

प्राधिकरणले बिहीबार एक सूचना प्रकाशन गर्दै नेपाल विद्युत् प्राधिकरणसँग पोल भाडा सम्झौता गर्न निर्देशन दिएको हो। 'नेपाल विद्युत् प्राधिकरणसँग सम्झौता नगरी टेलिफोन/इन्टरनेट सेवा सञ्चालन गरिरहेका सेवा प्रदायकले विद्युत्का पोल प्रयोग गरेको स्थान, परिमाण र अवधि स्वय घोषणा गरी यही कात्तिक मसान्तभित्र प्राधिकरणसँग सम्झौता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ', प्राधिकरणले सार्वजनिक गरेको सूचनामा भनिएको छ।

विद्युत् प्राधिकरणले बक्यौता रकम भुक्तानी गरी पोल भाडा सम्झौता गर्न सेवाप्रदायक कम्पनीलाई गत असोज १५ गतेसम्मको समय दिएको थियो। प्राधिकरणले दिएको समयमा सेवाप्रदायक कम्पनीले बक्यौता रकम भुक्तानी नगरेपछि गत असोज १७ गते काठमाडौं उपत्यका लगायतका जिल्लामा इन्टरनेटको तार काटिएको थियो।

यता इन्टरनेट सेवा प्रदायक कम्पनीले भने प्राधिकरणले आफू खुसी पोलको भाडा बढाएको भन्दै बढेको भाडा भुक्तानी नगर्ने अडान राख्दै आएका छन्। सेवाप्रदायकले बक्यौता रकम र नयाँ सम्झौता नगर्ने अडान राख्दै आएकोमा नियामक निकायको रूपमा रहेको दूरसञ्चार प्राधिकरणले कात्तिक मसान्तभित्र सम्झौता गरिसक्न दिर्नेशन दिएको हो।

विद्युत् प्राधिकरणले २०७७ मा काठमाडौंलगायतका सहरी क्षेत्रमा दोब्बर र ग्रामीण भेगमा आठ गुणाभन्दा बढीले पोलको भाडा बढाएको भन्दै सेवाप्रदायक कम्पनीले बढेको मूल्य फिर्ताको माग गर्दै आएका थिए। इन्टरनेटको तार काटिएपछि पोलभाडा विवादलाई दीर्घकालीन समाधान गर्न सञ्चार मन्त्रालयको सहसचिवको नेतृत्वमा ६ सदस्यीय समिति निर्माण भएको छ।

समितिलाई पोल भाडा विवाद समाधानका लागि मङ्सिर १५ गतेसम्म प्रतिवेदन बुझाउने म्याद दिइएको छ। प्राधिकरणको तथ्याङ्क अनुसार इन्टरनेट सेवा प्रदायक कम्पनीले रु सात करोड ७ लाख बढी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेको छ। जसमा १२ सेवा प्रदायक कम्पनीले २०७० सालदेखि पोलको भाडा भुक्तानी गरेका छैनन्।

# आम निर्वाचनमा गठबन्धन हुँदैन : नेत्री कोइराला

चितवन, ११ कात्तिक (रासस)।

नेपाली कांग्रेसकी नेत्री सुजाता कोइरालाले आगामी आम निर्वाचनमा नेपाली कांग्रेसको कुनै पनि दलसँग गठवन्धन नहुने बताउनुभएको छ।

बिहीबार यहाँ पत्रकारहरूसँग कुराकानी गर्दै उहाँले भन्नुभयो, "गठवन्धनका विषयमा कुरा उठेको छैन। कांग्रेस एक्लै निर्वाचन लड्नुपर्छ।" कांग्रेस ऐतिहासिक पार्टी भएकाले यस विषयमा छलफल गरेर मात्र निर्णय लिनुपर्ने उहाँको भनाइ छ।

फरक प्रसङ्गमा उहाँले कांग्रेसको महाधिवेशन तोकिएको समयमै हुने बताउनुभयो। उहाँले भन्नुभयो, "सभापतिले अब अधिवेशन समयमा नै हुन्छ भन्नुभएको छ। विश्वास गर्नुपर्‍यो। समयमा नै अधिवेशन हुनुपर्छ।" महाधिवेशनमा आफ्नो उम्मेदवारी के हो भन्ने विषयमा उहाँले आफू छलफलमै रहेको बताउनुभयो। राजनीतिमा परिवारभन्दा पनि विचार कोसँग मिल्छ भन्ने कुरा ठूलो रहेको बताउँदै उहाँले आफ्नो उम्मेदवारी समय आएपछि मात्र जानकारी दिने बताउनुभयो।

कांग्रेसभित्रको गुटबन्दी अन्त्य गर्दै आम निर्वाचन लक्षित हुनु आवश्यक रहेको पनि उहाँले बताउनुभयो। पछिल्लो समय प्रधानन्यायाधीशमाथि भइरहेको चौतर्फी आलोचनाप्रति उहाँले भन्नुभयो, "यसले प्रजातन्त्रलाई कमजोर बनाउँछ।"

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोबाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### सिरियामा मानवीय सहायताको खाँचो

संयुक्त राष्ट्रसङ्घ, ११ कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले सिरियामा आगामी जाडो यामममा थप सहायताको खाँचो रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

सिरियाको उत्तर पश्चिमी क्षेत्रका लाखौं नागरिकलाई मानवीय सहायताको आवश्यकता परेको संयुक्त राष्ट्रसङ्घले यसअघि नै जनाएको थियो। संयुक्त राष्ट्रसङ्घका मानवीय सहायतासम्बन्धी एजेन्सीका प्रमुख मार्टिन गिरिफिथले सिरियामा तत्कालै मानवीय सहायता आवश्यक रहेको बताउनुहुन्छ।

सिरियाको उत्तरपश्चिमी क्षेत्रका मानिसलाई अहिले खाना, औषधि तथा अन्य आधारभूत तथा अत्यावश्यकताका सामग्रीको खाँचो रहेको कुरा गिरिफिथले बताउनुभयो। उहाँले जाडो यामममा यहाँका थप नागरिक सङ्कटमा पर्नसक्ने भन्दै मानवीय सहायताको खाँचो रहेको बताउनुभयो।

यसअघि संयुक्त राष्ट्रसङ्घले सिरियाको उत्तरपश्चिम क्षेत्रमा बसोबास गरिरहेका ३४ लाख नागरिकमध्ये ९० प्रतिशतलाई मानवीय सहायताको खाँचो रहेको बताएको छ।

मानवीय सहायता प्रमुख गिरिफिथले यहाँ एक करोडभन्दा बढी मानिसमा यस्तो सहायता चाहिएको बताउनुभयो। ती नागरिक सिरियामा करिब एक दशकको समयमा द्वन्द्वको चपेटामा परेका छन्।

सिरियामा अहिले आर्थिक सङ्कट थपिएकोले यहाँका नागरिक खाना र बासकै समस्यामा परेका बताइएको छ। ती क्षेत्र बढी मात्रामा द्वन्द्वग्रस्त क्षेत्र पनि भएकोले गर्दा सरकारले पनि सहायता सामग्री पुर्‍याउन सकिरहेको छैन।

सिरियामा सन् २०११ देखि नै राष्ट्रपति असदका विरुद्धमा जनआन्दोलन चर्किएको थियो। सिरिया लामो समयदेखि हिंसा जारी छ। जसका कारण यहाँका लाखौं नागरिक हिंसाको चपेटमा परेका छन्। यहाँका लाखौं नागरिक विस्थापित हुनपुगेका छन् भने चार लाखभन्दा बढी नागरिकले गृहयुद्धमा परेर ज्यान गुमाएका छन्।

### महामारीबाट प्रभावित अर्थतन्त्रलाई उकास्न बाइडेन प्रशासनप्रति विश्वास घट्दो:सर्वेक्षण

वासिङ्टन, ११ कात्तिक (रासस/सिन्ह्वा)।

राष्ट्रपति जो बाइडेनले कोभिड-१९ महामारीबाट प्रभावित अर्थतन्त्रलाई बचाउन सक्ने क्षमतामा अमेरिकीको विश्वास घट्दोक्रममा रहेको, मङ्गलबार सार्वजनिक गरिएको एक सर्वेक्षणले देखाएको छ।

अक्टोबर २२-२५ मा गरिएको एक्सिओस इपोस सर्वेक्षणले ४४ प्रतिशत उत्तरदाताले कोभिडग्रस्त अर्थतन्त्रलाई उकास्न बाइडेन प्रशासनको क्षमतामा गत जनवरीदेखि क्रमश कमी आउँदै गएको टिप्पणी गरेका छन्।

आधिकारिक तथ्याङ्कले सेप्टेम्बर २०२० देखि सेप्टेम्बर २०२१ सम्म मुद्रास्फीति ५.४ प्रतिशतले बढेको देखाएको छ जसले वस्तु र सेवामा मूल्यवृद्धि गरेको छ।

विश्लेषकका अनुसार विभिन्न आपूर्ति शृङ्खलाका अवरोध, उच्च बेरोजगारी, र बढ्दो मुद्रास्फीतिबाट ग्रस्त अर्थव्यवस्थालाई बचाउन बाइडेन प्रशासनले लामो यात्रा तय गर्नुपर्ने देखिन्छ।

### अफगानिस्तानमा पत्रकार हिंसाका ३० भन्दा बढी घटना दर्ता

अफगानिस्ता (काबुल), ११ कात्तिक (रासस/(एएनआई)।

अफगानिस्तानमा तालिबान सत्तामा आएदेखि पत्रकार विरुद्ध ३० भन्दा बढी हिंसात्मक घटना दर्ता गरिएको स्थानीय सञ्चारमाध्यमले पत्रकार सङ्घलाई उद्धृत गर्दै जानकारी दिएको छ।

अफगानिस्तानको राष्ट्रिय पत्रकार सङ्घले पत्रकारको स्थितिका बारेमा सामान्य मूल्याङ्कन सार्वजनिक गरेको छ।

पत्रकार विरुद्ध हिंसाका ३० भन्दा बढी घटना भएको देखाउँछ, युनियनका प्रमुख मसरूर लुफ्तीले भने। यी घटनामध्ये झण्डै ९० प्रतिशत तालिबानसँग सम्बन्धित छन्, लुफ्तीलाई अफगान टोलो न्यूज मिडियाले उद्धृत गर्दै उक्त गरेको छ। अफगान प्रशारकले दिएको जानकारी अनुसार पत्रकारले तालिबानलाई सञ्चारकमीको सुरक्षा सुनिश्चित गर्न र सूचनामा पहुँच सुरक्षित गर्न अनुरोध गरेका थिए।

यसैबीच, अफगान गृह मन्त्रालयका प्रवक्ता सैयद खोस्तीले पत्रकारलाई सरकारले गरिरहेको सुरक्षा उपायको बारेमा जानकारी दिँदै आश्वस्त पार्न खोजेका छन्। मन्त्रीले यस्तै अपराधमा पक्राउ परेका केही अपराधीलाई उद्धृत गर्दै थप विश्वास दिलाएका छन्। गत महिना, काबुलमा भएको विरोध प्रदर्शनलाई लक्ष्यित गर्दै तालिबानले धेरै अफगान पत्रकारलाई पक्राउ गरेको रिपोर्ट सार्वजनिक गरिएको थियो।

यसैबीच, देशको पत्रकार सङ्घले अफगानिस्तानको सञ्चारमाध्यमलाई समर्थन गर्न र सञ्चार स्वतन्त्रताको पक्षमा उभिन आह्वान गरेको छ।

उनीहरूले इस्लामिक इमिरेट्सका अधिकारीलाई पत्रकारले सामना गर्ने समस्या समाधान गर्न थप कदम चाल्न आग्रह गरेका छन्।

# बजाज युथ र छिन्नमस्ता बरहीबिरपुर सेमिफाईनलमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ११ कात्तिक ।**

राजविराजमा जारि मिथिला कप सिजन ३ टि-ट्वान्टी क्रिकेट प्रतियोगिताको बिहिवार सम्पन्न खेलमा बजाज युथ क्रिकेट एकेडमी तथा छिन्नमस्ता बरही सप्तरी सेमिफाईनलमा प्रवेश गरेको छ ।

युवा शक्ति ष्क्लिव बिष्णुपुरद्वारा आयोजित उक्त प्रतियोगिताको पहिलो खेलमा टस जितेर रौतहट ११ ले निर्धारित २० ओभरमा ८ बिकेट गुमाई ९५ रनको योगफल खडा गरेको थियो । जसमा शनि साह २६ रन, नितेश यादव १५ रन अविजित र सुमित यादबले ११ रन जोडेका थिए । बलिँगतर्फ बजाजका बसिर अहमद ३, अनिल खरेल २ तथा राहुल मण्डल र बिबेक यादब १/१ बिकेट हात पारेका थिए ।

जवाफमा बजाज ले १२ ओभरमा ७ बिकेट गुमाई बिजय हात पारेका थिए । जसमा बिबेक यादब ३६ राहुल मण्डल १५ अविजित र आशिष झा ले १७ रन जोडेका थिए । बलिँगतर्फ रौतहटका जितेन्द्र मुखिया ३, रंजित मुखिया २ र राजेश झा १ बिकेट लिएका थिए भने खेलको म्यान अफ दि म्याच बिजय टिमका बिबेक यादब घोषित भएको आयोजक समितिका उदित यादबले जानकारी दिए ।

यस्तै बिहीबारै सम्पन्न दोश्रो चरणको खेलमा लहान क्रिकेट क्लब र छिन्नमस्ता बरही सप्तरीविचको खेलमा लहानले टस जितेर ब्याटिङ गर्दै सम्पुर्ण ओभर खेल्दै ८ विकेट गुमाएर १ सय रन बनायो । सोही खेलमा जित हाँसिल गर्ने लक्ष्य लिएर मैदानमा उत्रेका छिन्नमस्ता टिमले १२ ओभरमै ३ विकेट मात्र गुमाएर १ सय ३ रन बनाउदै विजयी हासिल गऱ्यो ।

सो खेलमा आदिल अंसारीको विस्फोटक ब्याटिङले छिन्नमस्ता टिम विजय भएको खेलका प्राविधिक उदित यादवले जानकारी दिए । सो खेलमा छिन्नमस्ता टिमका आदिल असांरी घोषित भएको आयोजकले जनाएको छ ।

# नक्कली नोटसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**महोत्तरी, ११ कात्तिक ।**

महोत्तरीको गौशालामा नक्कली नोटसहित एक जना पक्राउ परेका छन् । गौशाला नगरपालिका-९ डुमरवानाका ४४ वर्षीय सुकन महतोलाई प्रहरीले बिहीबार बिहान नक्कली नोटसहित पक्राउ गरेको हो ।

पक्राउ परेका महतोको गौशाला बजारस्थित डेराबाट आठ लाख ९७ हजार ४३५ नेपाली र दुई लाख ८० हजार ९२९ रुपैयाँ भारतीय नोट प्रहरीले बरामद गरेको छ ।

बजारमा तरकारी खरिद गर्ने क्रममा किसानलाई नक्कली नोट दिएको आशंकामा प्रहरीले महतोलाई नियन्त्रणमा लिई उनको डेरा खानतलासी गर्दा सो रकम फेला परेको गौशालास्थित इलाका प्रहरी कार्यालयले जनाएको छ । बरामद नोटमध्ये कति सक्कली र कति नक्कली हुन् भन्ने विज्ञबाट ठहर गराइने प्रहरी निरीक्षक विष्णुप्रदीप वस्यालले जानकारी दिए ।

पक्राउ परेका महतोलाई बरामद नोटसहित जिल्ला प्रहरी कार्यालय, महोत्तरी पठाइएको छ । महतो भारत र नेपाल दुवैतिरका तरकारी व्यापारी रहेको प्रशरीले जनाएको छ । गौशाला र औरही बजार भारतीय बजारसँग जोडिएका छन् ।

बरामद नोटमध्ये कतिवटा सक्कली र कतिवटा नक्कली भन्ने यकिन गर्न बाँकी रहेपनि गत असोजमा भने हजार दरका २२ वटा नक्कली नोट रहेको पुष्टि भएको थियो । सामान्य प्रचलनमा रहेका नेपाली एक हजार दरका नोटभन्दा छाम्दा पातलो लाग्ने र रङसमेत अलि फिका देखिने नक्कली नोट चासो दिने सामान्य व्यक्तिले पनि सजिलै छुट्याउन सक्ने प्रहरीको भनाइ छ ।

यसअघि असोजमा पनि गौशाला नजिककै औरहीबजारबाट प्रहरीले नक्कली नोटसहित तीन जनालाई नियन्त्रणमा लिएको थियो ।

# बोक्सी भन्दै महिलालाई कुटपिट गरेको आरोपमा एक यूवक पक्राउ


**दैनिक समाचारदाता**
**सिरहा, ११ कात्तिक ।**

सिरहामा दलित महिलालाई कुटपटि गरेको आरोपमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कल्याणपुर नगरपालिका १० पर्चिलवाका रामविलाश यादव रहेका छन् । कल्याणपुर-१० का ५३ वर्षीया सेमादेवी चमारलाई बोक्सी आरोपमा यादवले कुटपिट गरेको आरोप लगाइएको छ ।

पीडितका जाहेरीका आधारमा यादवलाई कल्याणपुर बजारबाट पक्राउ गरेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायब उपरीक्षक राजेन्द्र श्रेष्ठले जानकारी दिएका छन् ।

महिलाले बोक्सीको आरोप लगाई कुटपिट गर्दै अमानवीय अपमानजनक व्यवहार गरेको जनाउँदै यादव विरुद्ध गत गत भदौ १७ गते जाहेरी दिएकी थिइन् ।

अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु


**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*